# HISSAN CENTRAL EXAMINATION – 2080(2024)

**कक्षा : १२** **पूर्णाङ्क : ७५**

**समय : ३ घण्टा**

**विषय : अनिवार्य नेपाली (००२१ - M2)**

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ।**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** (३)

कम्प्युटर एक व्यवस्थित विद्युतीय यन्त्र हो । यसलाई व्यवस्थित बनाउने काम यसमा रहेका हार्डवेयर र सफ्टवेयरले गरेका हुन्छन् ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)

भुकम्प एउटा प्राकृतिक बिपत्ति हो । एसले कुन बेला कहाँ र कसरि नोक्सान पुऱ्याउँछ भन्ने धेरैलाई थाहा नै हुँदैन ।

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)

(क) **दिइएको उद्धरणबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

गहना पसल चोरी गरेका कारण मुद्दा झेलिरहेको एक अपराधी जन्मकैदको सजाय पाएपछि जिल्ल पऱ्यो । चोरेर चाँडै धनी बन्ने दाउमा रहेको ऊ आफ्नो योजना पूरा नभएपछि ट्वाल्ल परेको छ ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा उखान पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

शाखा अधिकृत भएपछि हरिको भाग्य चम्केको छ । अहिले परिश्रमको फल मिठो हुन्छ भन्ने कुरा उसले महसुस गरेको छ । उसका खुट्टा भुइँमा छैनन् । सुरुमा त उसका लागि अधिकृत हुनु आकाशको फल आँखा तरी मर जस्तै थियो ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** (३)

हामीकहाँ भने यत्रो विविधता भएर पनि आपसमा मिलेर बस्ने, एकले अर्काको भाषा, संस्कृतिप्रति सम्मान गर्ने साह्रै राम्रो बानी छ । यो ज्यादै सुन्दर कुरा हो नि, होइन र ?

५. **तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** (२)

नेपाली विद्यार्थी अहिले कक्षा बाह्र पूरा भएपछि भिसा लगाएर विदेश जाने धुनमा लागेका छन् । आधुनिक सुविधा उपलब्ध भएका सहरमा बसेर नाम चलेका कलेजमा पढ्ने धोको उनीहरूमा रहेको छ ।

६. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)

(क) **तलका उपसर्ग र प्रत्ययबाट एक एक शब्द निर्माण गर्नुहोस् :**

उपसर्ग : अति, स , बद ।

प्रत्यय : आइँ, ए, इया ।

(ख) **तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् :**

रातदिन अमूल्य पसिना बगाएर अन्नसन्न उब्जाउने किसानहरूले भरपेट खान पाउनुपर्दछ । कसैसँग झैझगडा नगर्ने र अन्नबाली उब्जाएर देशलाई अन्नभण्डार नै बनाइदिने किसानलाई सबैले आआफ्ना तर्फबाट सरसहयोग गर्न सके देशको भविष्य उज्ज्वल हुने निश्चित छ ।

७. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) **तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको कारक पहिचान गरी लेख्नुहोस् :**

विदेशबाट दाइले मलाई एउटा आइफोन पठाइदिनुभयो । म त्यो फोन लिन भनेर ल्याइदिने अङ्कलको घर पुगेँ । उहाँले त्यो फोन मेरा हातमा राखिदिँदा त म एकछिन खुसीले उफ्रिएँ । अब मलाई त्यहाँ बस्न मन लागेन र म ट्याक्सीबाट घर फर्किहालेँ ।

(ख) **तलका वाक्यलाई प्रथम पुरुषमा परिवर्तन गर्नुहोस् :**

ऊ पाँचथरमा जन्मेको हो । ऊ एसईई उत्तीर्ण भएपछि विराटनगर आयो । उसले पढाइमा सोचेजस्तो सफलता हासिल गरेन । अहिले ऊ विराटनगरमै एउटा उद्योगमा लेखापाल पदमा कार्यरत छ ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) **सम्भावनार्थक क्रियापदको प्रयोग गरी चार वाक्यमा बहिनीको पढाइका बारेमा वर्णन गर्नुहोस् ।**

(ख) **तल दिइएका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

सरिता सधैँ विद्यालय जान्छे । उसकी बहिनीले भने पढाइ छोडिछे । सरिता सुखी छे । उसकी बहिनीले चाहिँ राम्रो जागिर नपाउली ।

९. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) **तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् :**

जीवनमा केही गर्न चाहन्छौ भने विज्ञान विषय पढ । जब तिमी विज्ञान विषयमा विशिष्ट श्रेणीमा उत्तीर्ण हुन्छौ तब तिमी डाक्टर बन्छौ । तिमी कुशल डाक्टर बन र देशका गरिब जनताको सेवामा लाग । तिमीले जनताको सेवा गऱ्यौ भने सबैको आशीर्वाद पाउँछौ ।

(ख) **तलका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

मैले भतिजीलाई ध्यान दिएर पढ्न अनुरोध गरेँ । भतिजीले अब आफू सधैँ पढाइमै लाग्ने जवाफ दिई । मैले राम्ररी पढे जागिर पाइने छ भनेर भतिजीलाई भनेँ । भतिजीले आफू राम्ररी पढ्ने कुरा गरी ।

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (५)

'समालोचना' शब्दको सामान्यार्थ कुनै पनि विषयवस्तु वा कुरालाई सबै कोणबाट हेर्नु भन्ने हुन्छ । साहित्यका सन्दर्भमा भने कुनै पनि साहित्यिक कृतिको निष्पक्षताका साथ गुण र दोषको अवलोकन गर्नु भन्ने अर्थ हुन्छ । अझ भन्दा कुनै पनि साहित्यिक कृतिको गुण र दोषको निरूपण गरी उक्त कृतिको व्याख्या र मूल्याङ्कन गर्नु नै समालोचना हो भन्न सकिन्छ । समीक्षा, आलोचना, विवेचना र पाठक प्रतिक्रिया शब्दले पनि समालोचनाले सङ्केत गर्ने अर्थ दिने भएकाले यिनलाई पनि समालोचनाकै नामान्तरका रूपमा लिने गरिन्छ । समालोचना सृष्टिप्रतिको दृष्टि हो । सृष्टि भनेको सिर्जना हो भने दृष्टि भनेको त्यसलाई हेर्ने साधन वा काम हो । कुनै पनि सृष्टिको सौन्दर्यको अवलोकन, विश्लेषण र मूल्याङ्कनका लागि दृष्टिको आवश्यकता पर्ने भएकाले हरेक क्षेत्रमा पहिले सृष्टि वा सिर्जना हुन्छ त्यसपछि मात्र त्यस वस्तुको अवलोकन गर्ने दृष्टिको विकास हुन्छ । समग्र संसारकै कुरा गर्दा पनि पहिले जगत्को सृष्टि भएको र त्यसपछि मात्र उक्त जगत्का सौन्दर्यको अवलोकन र विश्लेषण गर्ने दृष्टियुक्त जीवको विकास भएको देखिन्छ । समालोचना पनि सिर्जनालाई हेर्ने दृष्टि भएकै कारण सिर्जनाभन्दा कनिष्ठ विधा हो । विश्व साहित्यमा नै समालोचना सिर्जनापछि आउनुले यस कुराको पुष्टि हुन्छ । पूर्वमा 'रामायण' र 'महाभारत' को सिर्जना भएपछि मात्र तिनका विषयमा विविध पक्षको अवलोकन गर्ने उद्देश्यले भरत मुनिले 'नाट्यशास्त्र' को रचना गरेका हुन् । पश्चिममा होमरका सिर्जनात्मक कृति 'इलियड' र 'ओडिसी' को रचना गरिएको लामो समयपछि मात्र प्लेटोका समालोचनासम्बन्धी विभिन्न विचार र एरिस्टोटलको 'काव्यशास्त्र' आएका हुन् । नेपाली साहित्यकै कुरा गर्दा पनि उदयानन्द अर्यालको 'पृथ्वीन्द्रोदय', भानुभक्त आचार्यको 'रामायण' आदि धेरै काव्यकृतिको सिर्जना भइसकेपछि मात्र उक्त कृतिका गुणदोषको मूल्याङ्कन हुन थालेको देखिन्छ । नेपालीमा कवि र काव्यकृतिको अवलोकन र मूल्याङ्कन गर्ने उद्देश्यले रचना गरेको 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' नेपाली साहित्यप्रतिको दृष्टि प्रस्तुत भएको पहिलो कृति हो । मोतीरामको यो कृति जीवनीपरक भए पनि प्रस्तुत कृतिमा कवि भानुभक्त र उनको काव्य 'रामायण' का बारेमा केही विवेचनात्मक दृष्टि प्रस्तुत भएकाले यसैलाई नेपाली समालोचनाको प्रथम कृति मानिएको छ । त्यसैले कुनै पनि साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना गर्ने विधा नै समालोचना हो ।

**प्रश्नहरू**

(क) समालोचनाको मुख्य काम के हो ?

(ख) 'सृष्टि' र 'दृष्टि' शब्दले के के कुरा बुझाएका छन् ?

(ग) पाश्चात्य साहित्यका प्रथम सिर्जनात्मक र समालोचनात्मक कृति कुन कुन हुन् ?

(घ) 'कवि भानुभक्ताचार्यको जीवन चरित्र'लाई किन नेपाली समालोचनाको प्रथम कृति मानिन्छ ?

(ङ) समालोचना कस्तो विधा हो ?

११. **दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** (२+३=५)

सुखी र समृद्ध जीवनका लागि सुस्वास्थ्य अपरिहार्य कुरा हो । समुचित आहारविहारबाट सुस्वास्थ्यको प्राप्ति हुन्छ । पूर्वीय संस्कृतिको के मान्यता छ भने आहार र विहारमा ध्यान दिने हो भने सुस्वास्थ्यको संरक्षण गर्न कठिनाइ हुँदैन । अहिले संसारमा जति पनि स्वास्थ्यसम्बन्धी सङ्कट देखा परेका छन् । ती सबै आहार र विहारमा समुचित ध्यान नदिनाका परिणाम हुन् । अहिले संसारभर फैलिएको कोरोना भाइरसको प्रकोप पनि आहारविहारमा गरिएको लापर्बाहीका कारण उत्पन्न भएको हो भन्ने विचार अधिकांश चिकित्सकको रहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोरोनाको सङ्केत पनि जथाभावी आहारकै परिणति हो । त्यसैले स्वास्थ्य संरक्षणका लागि उपयुक्त र सन्तुलित आहारमा ध्यान दिनु अत्यावश्यक छ । सन्तुलित आहारमा ध्यान दिनु भनेकै रोग लाग्नुभन्दा पूर्व सचेत हुनु हो । रोग लागेर उपचार गर्नुभन्दा पहिले नै सचेत बनी रोग लाग्न नदिनु नै बुद्धिमत्ता हो । रोग लागिसकेपछिको स्थिति कति विकराल हुन्छ भन्नेबारेमा अहिले हामी सम्पूर्णतः परिचित भएका छौँ । अहिले विश्वव्यापी रूपमा देखिएको कोरोना सङ्कटबाट एकातिर विकासका काम अवरुद्ध भएका छन् भने अर्कातिर देशको सञ्चित अर्थराशि पनि विकास कार्यमा प्रयोग नभई रोग निराकरणमा उपयोग गरिएको छ । त्यसैले स्वास्थ्य प्रतिकूल हुनु भनेको जीवन पीडादायी हुनाका साथै विकास र समृद्धिमा अवरोध पुग्नु हो ।

१२. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) सयपत्री बचत तथा ऋण सहकारीले सर्वसाधारणको पैसा जोखिममा पारेको भनी पत्रिकामा प्रकाशित समाचारको खण्डन गर्दै अध्यक्षका तर्फबाट प्रकाशित गर्ने विज्ञप्तिको नमुना तयार पार्नुहोस् ।

(ख) छोटेलाल सहनीले बाख्रापालनका लागि आवश्यक पर्ने रकम ऋण लिन बलदेव राजवंशीसँग गर्ने तमसुकको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (५)

(क) विद्यालयले आयोजना गरेको कविताववाचन प्रतियोगिताको विवरणलाई समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'नेपालमा बढ्दो सवारी दुर्घटना' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** (४)

(क) यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

(ख) विविधतामा एकता नेपाली समाजको पहिचान हो ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

**(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

सूर्य अस्ताइसकेको थियो । कर्कोटकले आफ्नो छाप्राको पिँढीमा दमयन्तीलाई काँधबाट ओराल्यो । भुइँमा उभिएकी दमयन्तीले मुसुक्क हाँस्दै कर्कोटकलाई नमस्कार गरिन् र आफ्नो भोकबारे बताइन् । आफ्नो विजयमा त्यो नागयुवक प्रसन्न भयो । त्यसले पिँढीमा सुकुल ओछ्याएर त्यसमाथि बाघछाला हाल्दै "तिमी यहाँ सुखासनमा बस सुन्दरी, मसित नडराऊ । तिमी नारी हौ । म पुरुष हुँ । नारी र पुरुषको संयोग सृष्टिकारी हुने गर्दछन् । यो संयोगमा त्रास किन ? हामी वार्तालाप गरौँ ।"

**प्रश्नहरू**

(अ) नागयुवक किन प्रसन्न थियो ?

(आ) "नारी र पुरुषको संयोग सृष्टिकारी हुने गर्दछन्" भन्नाको तात्पर्य के हो ?

**(ख) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हो र आमा !
"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आश गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ
त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो ।"

**प्रश्नहरू**

(अ) आमाको सपना के थियो ?

(आ) "त्यो मिठो गीतले तिमीलाई आफ्नो बाँसुरी बनाएनछ" भन्नाको तात्पर्य के हो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) "नेपालको आर्थिक विकासमा सहकारीले ठुलो योगदान दिन सक्दछ ।" यस भनाइप्रति पाठका आधारमा प्रतिक्रिया लेख्नुहोस् ।

(ख) तपाईंलाई छिरिङसँगको वार्ताका आधारमा तयार पारिएको 'जीवन मार्ग' पाठ कस्तो लाग्यो ? तर्कसहित आफ्नो विचार लेख्नुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) 'मातृत्व' कथाकी ममतामा मानसिक द्वन्द्व पैदा हुनाका कारण के के हुन् ? समीक्षा गर्नुहोस् ।

(ख) "दृढ इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका सामु शारीरिक रोग शक्तिहीन हुन्छ" यस भनाइलाई 'स्टिफन विलियम हकिङ' जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) हाम्रो संस्कृति : हाम्रो गौरव

(ख) लागु पदार्थको दुर्व्यसनले युवावर्गलाई पारेको प्रभाव

(ग) स्वस्थ जीवनका लागि व्यायाम

**** समाप्त ****